# स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८२/०८३
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

## पोषण विशेष कार्यक्रम अन्तर्गत प्लास्टिक टनेल सिट वितरण कार्यक्रममा सहभागिताका लागि आवेदन आह्वान सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८३/०२/११)

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन हुने "पोषण विशेष कार्यक्रम" अन्तर्गत पोषण सुधारका लागि प्लास्टिक टनेल सिट वितरण कार्यक्रम सञ्चालन गरिने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, उद्यमी तथा कृषि कम्पनीहरूले देहाय बमोजिमका आवश्यक कागजातहरू सहित मिति २०८३/०२/१८ गते कार्यालय समयभित्र गाउँपालिकाको कृषि विकास शाखा वा सम्बन्धित वडाको कृषि इकाइमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

*आवश्यक कागजातहरू:*

- कृषक/संस्था/फर्मको विवरण, सम्पर्क नम्बर तथा आवश्यक प्लास्टिक सिटको सङ्ख्या खुल्ने निवेदन।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि)।
- प्लास्टिक टनेलका लागि आवश्यक पूर्वाधार संरचना निर्माण गर्ने तथा प्राप्त प्लास्टिक सिटको दुरुपयोग नगर्ने प्रतिबद्धता पत्र।

***विशेष जानकारी:***

- प्लास्टिक टनेलको आवश्यक पूर्वाधार निर्माण सम्पन्न भएपछि गाउँपालिकाबाट स्थलगत अनुगमन गरिनेछ।
- अनुगमनबाट उपयुक्त देखिएपश्चात मात्र प्लास्टिक सिट उपलब्ध गराइनेछ।
- पूर्वाधार निर्माण सम्बन्धी प्राविधिक जानकारी तथा थप विवरणका लागि गाउँपालिकाको कृषि विकास शाखा वा सम्बन्धित वडाको कृषि इकाइमा सम्पर्क गर्नुहुन अनुरोध छ।

८३/०२/११

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np